# बुढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हात्तीगौंडा, काठमाडौं
## नगर प्रहरी जवान (तहविहीन) पदको खुला प्रतियोगात्मक परीक्षाको पाठ्यक्रम:

**नगर प्रहरी समूह: परीक्षा योजना (Examination Scheme)**

| क्र.सं. | चरण | विवरण | पूर्णाङ्क | उत्तीर्णाङ्क |
|---|---|---|---|---|
| १. | प्रथम | प्रारम्भिक स्वास्थ्य परीक्षण | - | - |
| | | शारीरिक परीक्षण | - | - |
| २. | द्वितीय | लिखित परीक्षा | १०० | ४० |
| ३. | तृतीय | अन्तर्वार्ता | २० | |
| | | न्यूनतम शैक्षिक योग्यता | ७ | |
| | | माथिल्लो शैक्षिक योग्यता | ३ | |
| | | बुढानीलकण्ठ न.पा.को स्थायी बासिन्दा | १० | |
| | | अनुभव प्रति वर्ष २ अंकका दरले | १० | |

### प्रथम चरण

**प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती चरण**

**क. प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिट्नेस) मा अयोग्य हुने अवस्थाहरू**

१. अंगभंग/हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठीक नभएको ।

२. घुँडा knee lock भएको (Knock knee: दुवै खुट्टा जोडेर उभिदा गोली गाँठोबीच १० से.मी. भन्दा बढी Gap हुनु, Bow legs: दुवै खुट्टा जोडेर उभिँदा घुँडाबीच ८ से.मी. भन्दा बढी Gap हुनु, अथवा Rickets भई फाटिएको ।)

३. धेरै चेप्टो पैताला भएको (भालु पाइला)।

४. प्रष्ट बोली नभएको/भकभके, लठ्यौरो।

५. अस्वभाविक रुपमा उपड खापड दाँत वा दारा बाहिर निस्केको, एउटा भन्दा बढी बंगारा किराले खाएको वा झरेको, अगाडि दाँत झरेको वा धेरै Gap भएको वा किराले खाएको, नक्कली दाँत लगाएको ।

६. ढाड कुप्रो भएको।

७. शरीर पुरा झुकाउन नसक्ने।

८. जिउ कोल्टे परेको (बाङ्गो शरीर भएको)।

९. दुबी भएको ।

१०. एक तिहाईभन्दा बढी कपाल झरेको, फुलेको वा रंगाएको ।

११. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको ।

१२. आँखा डेढो भएको, Color Blind भएको, कुनै एक आँखा चिम्लन नसक्ने ।

१३. शरीर मोटो तर हात खुट्टा झिनो देखिने ।

१४. अनुहारमा १x१ से.मी. भन्दा बढी काटेको वा पोलेको वा अन्य कुनै किसिमको दाग भएको ।

१५. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो) पुरुषको हकमा ५० के.जी. र महिलाको हकमा ४२ के.जी. तौल भन्दा कम भएको ।

१६.  शरीरको घाँटीदेखि माथि, हातको कुमदेखि तलको भाग एवम् खुट्टाको घुँडादेखि तलको भागमा ट्याटु मार्क बनाएको वा अस्वभाविक देखिने ।

१७.  शरिरमा २.५x२.५ से.मी. भन्दा बढि काटेको वा पोलेको वा अन्य कुनै किसिमको दाग भएको ।

१८.  भेरिकोच वा नशा फुल्ने भएको ।

**ख.  शारीरिक परीक्षण (बाधापार) परीक्षाः**

| इभेन्ट्स | उत्तीर्ण | |
|---|---|---|
| | पुरुषको हकमा | महिलाको हकमा |
| ३०० मि. दौड | ५० सेकेण्डभित्र | ६० सेकेण्डभित्र |
| सिट अप | कम्तीमा १५ पटक | कम्तीमा ५ पटक |
| पुस अप | कम्तीमा १५ पटक | कम्तीमा ५ पटक |
| चिन अफ | कम्तीमा ५ पटक | कम्तीमा १ पटक |
| ३.२ कि.मि. दौड | १५ मिनेटभित्र | १८ मिनेटभित्र |

**नोटः तोकिएको समय भित्र तोकिएको ईभेन्ट पुरा नगर्ने उम्मेद्वारहरु छनौटका लागि अयोग्य हुनेछन् ।**

**द्वितीय चरण-लिखित परीक्षा**

**(पहिलो चरणमा उतिर्णाङ्क प्राप्त गरेका उम्मेद्वारहरु मात्र द्वितीय चरणको परीक्षामा सामेल हुन पाउनेछन्)**

| खण्ड | विषय | पूर्णाङ्क | परीक्षा प्रणाली र प्रश्न सङ्ख्या | समय |
|---|---|---|---|---|
| क. | नेपाली व्याकरण | ३० | नाम, सर्वनाम, विशेषण, स्वर वर्ण, व्यञ्जन वर्ण, काल-३० वटा प्रश्न। | १ घण्टा १५ मिनेट |
| ख. | अङ्ग्रेजी | २० | Noun, Pronoun, Article, Tense, Translation - २० वटा प्रश्न। | |
| ग. | गणित | २० | जोड, घटाउ, गुणन भाग, अङ्कमा अक्षरमा लेख्ने-२० वटा प्रश्न । | |
| घ. | सामान्य ज्ञान, बौद्धिक ज्ञान | ३० | समसामयिक, बूढानीलकण्ठ नगरपालिका सम्बन्धी, ट्राफिक लाइट सम्बन्धी तथा बौद्धिक ज्ञान सम्बन्धी-३० वटा प्रश्न । | |

१.  यो पाठ्यक्रम अनुसार एक पत्रको लिखित परीक्षा सञ्चालन हुनेछ ।

२.  लिखित परीक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी वा दुवै हुनेछ।

३.  परीक्षा योजना अनुसार बहुवैकल्पिक प्रश्न (Multiple choice) अन्तर्गत ठिक/बेठिक छुट्याउने, जोडा मिलाउने तथा खाली ठाँउ भर्ने प्रश्न सोध्न सकिनेछ ।

४.  बहुवैकल्पिक प्रश्न (Multiple Choice) को उत्तर गलत भएमा २०% अङ्क कट्टा गरिनेछ ।